# पञ्चदेवल विनायक नगरपालिकाको

# नीति तथा कार्यक्रम

नगर सभाबाट पारित भएको मितिः२०७९/०५/१६

पञ्चदेवल विनायक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७९/८०

Website: www.panchadewalbinayakmun.gov.np; E-mail: info@panchadewalbinayakmun.gov.np

पञ्चदेवल विनायक नगरपालिका

**पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको आठौं अधिवेशनमा नगर प्रमुख श्री अम्बिका चलाउनेद्धारा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम**

**नगर सभाबाट पारित भएको मितिः २०७९/०६/१६**

यस पञ्चदेवल विनायक नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगर सभाका सदस्यहरु, पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको आठौं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

पञ्चदेवल विनायक नगरपालिकाको दोस्रो कार्यकाल आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मैले अत्यन्तै गौरवान्वित महसुस गरेको छु । वि.स. २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधिको रुपमा चुनिएर आगामी ५ वर्षका लागि दोस्रो स्थानीय सरकारको नेतृत्व गर्ने सुनौलो अवसर हामीले प्राप्त गरेका छौं । सर्वप्रथम, यस अवसरका लागि हामीलाई मतदान गरी निर्वाचित गर्नुहुने आदरणिय पञ्चदेवल विनायक नगरवासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु । यसै अवसरमा देशको स्वतन्त्रता, नेपालको सार्वभौमिकता, राष्ट्रिय हित, भौगोलिक अखण्डता, लोकतन्त्र र जनजिविकाका लागि भएका विभिन्न ऐतिहासिक जन-आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति समेत भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, ती ऐतिहासिक आन्दोलनहरुको नेतृत्व गर्ने अग्रजहरुप्रति पनि उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले असार १० गते नै नीति तथा कार्यक्रम र बजेट नगर सभामा पेश गरी असार मसान्तभित्रै पारित गर्नुपर्ने कानुनी व्यवस्था भएतापनि हाम्रो कार्यकालको पहिलो वर्ष विविध कारणबस हामी केही थोरै समय ढिलो हुन पुगेका छौं । यसका लागि पञ्चदेवल विनायक नगरवासी लगायत सम्बन्धित सबैसमक्ष हामी क्षमाप्रार्थी छौं ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई संघीयता कार्यान्वयनमा अगाडी बढिरहेको र हामीले स्थानीय सरकारको दोस्रो कार्यकालको नेतृत्व गरिरहेका छौं । नेपालको संविधानले स्थानीय तहको लागि एकल अधिकारहरु र पन्ध्र प्रकारका साझा अधिकारका सूची निर्धारण गरेको व्यहोरा यहाँहरु सबैलाई जानकारी गराउन चाहन्छु । निर्धारित सूचीको अधिनमा रही स्थानीय तहले आवश्यक कानुनहरुको निर्माण गरी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन बमोजिम विद्यमान समस्या र चुनौतीहरुलाई पार लगाउँदै स्थानीयस्तरमा विकास र समृद्धिको महत्त्वपूर्ण अभियानमा हामी सबै जनप्रतिनिधिहरु एक आपसमा सहकार्य गर्दै अगाडी बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

हाम्रो नगरपालिकाको शान्ती, सन्तुलित विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान, प्रदेश र स्थानीय कानुनद्धारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, उद्यमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । चालु आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी

कार्यान्वयन गर्न आम नगरवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु, क्रियाशिल राजनैतिक दलहरु र सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त छु।

अब म पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) सामाजिक विकासतर्फः

### १. शिक्षाः-

- शिक्षामा सबै नागरिकहरुको पहुँच सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय शिक्षाका लागि शैक्षिक क्षेत्रमा गरिदै आएका क्रियाकलापहरुलाई थप व्यवस्थित गरी सुधार गर्दै लगिनेछ र नगर स्वयंसेवक शिक्षकलाई समेत आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ ।
- नगरभित्रका हरेक विद्यालयहरुमा विद्यार्थीहरुको अतिरिक्त क्षेत्रमा टेवा पुग्ने उद्देश्यले अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।
- जनप्रतिनिधि, अभिभावक, शिक्षक र विद्यार्थी बिच शैक्षिक गुणस्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयमा विद्यार्थीहरुलाई सिकाईमा सहज पुग्ने उद्देश्यले शिक्षक तथा बालविकास शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयका प्रधानाध्यापकहरुको प्रत्येक महिनाको १ पटक मासिक बैठक बसी विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी समीक्षा गरिनेछ ।
- मेयर कप, राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगिताका लागि बजेट विनियोजन गरिएको छ ।
- किशोर, किशोरी स्वास्थ्यमैत्री बनाउन **'विद्यालय स्टाफ नर्स कार्यक्रम'** यसै वर्षबाट सञ्चालनमा ल्याइनेछ ।
- कक्षा ४ र ५ को स्थानिय पाठ्यक्रम निर्माण गरिनेछ र कक्षा १, २ र ३ को पाठ्यक्रम छपाई कार्य अगाडी बढाईनेछ ।
- नगरपालिकास्थित माध्यमिक तहमा उत्कृष्ट हुने ५ जना विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि सहयोग गरिनेछ ।
- विद्यालय अनुगमन तथा मूल्याङ्कनमा जोड दिइनेछ र मूल्याङ्कन अनुगमनको आधारमा शैक्षिक गुणस्तर वृद्धी गर्ने प्र.अ. र शिक्षक कर्मचारीलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थीको सिकाईमा सहज पुग्ने उद्देश्यले शिक्षकहरुलाई नयाँ पाठ्यक्रम प्रबोधिकरण तालिम, लेखा, सार्वजनिक खरिद र IEMIS सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरुको दिवा खाजामा टेवा पुग्ने उद्देश्यले भान्छाघर निर्माण नभएका विद्यालयमा आवश्यकता अनुसार नयाँ भान्छाघर निर्माण र मर्मत गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- बालविकास केन्द्रहरुको सुदृढिकरण अभियानको थालनी गर्दै प्रत्येक वडामा १ वटा नमूना बालविकास केन्द्र बनाईनेछ ।
- युवा सशक्तीकरण र युवा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्रका १२ वटा माध्यमिक विद्यालयमा **'पढ्दै कमाउँदै कार्यक्रम'** सञ्चालन गरिनेछ । साथै माध्यमिक विद्यालयहरुका सबै विद्यार्थीहरुलाई अनिवार्य **'एक विद्यार्थी, एक फलफूल बिरुवा'** रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर शिक्षा समितिलाई थप प्रभावकारी बनाउँदै शिक्षाको चौतर्फी विकासका लागि आवश्यक कार्यक्रम तय गरिनेछ ।
- नगर शिक्षा योजना निर्माण गरिनेछ ।
- आवश्यक कार्यविधि बनाई नगरस्तरिय खेलकुद विकास समिति गठन गरिने छ । साथै सम्पूर्ण विद्यालयहरुमा आवश्यकताका आधारमा खेलकुद सामाग्री उपलब्ध गराइनेछ ।
- युवाहरुको अर्थपूर्ण सहभागिता हुने गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**२. स्वास्थ्यः-**

- आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट न्युनतम स्वास्थ्य सेवा मापदण्डको आधारमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कर्मचारीहरुलाई क्षमता विकास तालिमको प्रबन्ध गरिनेछ ।
- आमा र बच्चाको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप प्रभावकारी बनाउन थप स्रोत साधनको व्यवस्था गरी परिचालन गरिनेछ ।
- यस पञ्चदेवल विनायक नगरपालिकामा सुनौला १००० दिनका महिला र बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखी पोषण कार्यक्रमलाई अझै प्रभावकारी बनाईने छ ।
- नगरपालिका भित्र रहेका स्वास्थ्य संस्था तथा बर्थिङ् सेन्टरहरुको गुणस्तर सुधार गर्नुका साथै नगरपालिकामा गुणस्तरीय औषधि भण्डारणको व्यवस्था गरिने छ ।
- नगरपालिकाको सबै जनतालाई समेट्ने गरी विभिन्न स्थानहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ् खस्ने, आँखा, नाक, कान, घाँटी सम्बन्धि र ४० वर्ष माथिका नागरिकहरुको रक्तचाप र पिसाब तथा रगतमा ग्लुकोजको मात्रा जाँच गर्न विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गरी उपचारको प्रवन्ध मिलाईने नीति लिईने छ ।
- यसै वर्ष वडा नं. ९ को भाटगाउँ, वडा नं. ८ को बोहरागाउँ र वडा नं. ३ को आधारभुत स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सेवा सञ्चालन गरिनेछ ।
- नगरपालिका स्वास्थ्य सेवाको पहुँचबाट बाहिर रहेका विकट बस्तीहरु (बान्ने, कोशेडी र तुर्वन जस्ता अन्य ठाउँहरु) मा सामुदायिक स्वास्थ्य इकाईको लागि पूर्वाधार निर्माण कार्यको थालनी गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- गर्भवती महिलाहरुलाई अत्यावश्यक प्रसुती सेवाका लागि रिफर गर्नुपरेमा जिल्लाभित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ । साथै जिल्ला बाहिर रिफर गर्नुपर्ने अवस्थामा राष्ट्रपती महिला उत्थान कार्यक्रममार्फत हेलिकप्टर सेवाका लागी पहल गरिनेछ ।
- नगरपालिकामा सञ्चालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ । ।
- नगरपालिकामा एम्बुलेन्सको थप व्यवस्थापनका लागि भारतिय राजदुतावासमा प्रस्तावना पेश गरी मागका लागि विशेष पहल गरिनेछ ।
- रेबिज, सर्पदंश ईन्फ्लुन्जा, बर्डफ्लुसम्बन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरी उपचारको प्रवन्ध मिलाईने निति लिइनेछ ।
- कोभिड-१९ विरुद्धको खोपलाई प्रभावकारी बनाई कोभिड-१९ खोप युक्त नगरपालिका बनाईने छ ।
- यस नगरपालिकामा खोप भण्डारणमा समस्या देखिएको हुँदा सोको व्यवस्थापनका लागि ILR डि-फ्रिजको व्यवस्थापन गरिने छ ।
- आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिनेछ ।
- ल्याब सेवालाई व्यवस्थित तथा गुणस्तरिय बनाउन नयाँ माइक्रोस्कोपहरु खरिद गरीनेछन् । साथै ल्याब सेवा सुचारु नभएका वडाहरुमा आवश्यक सामाग्री खरिद सहित ल्याब सेवा सञ्चालन गरीनेछ ।
- आमा समूहको बैठकका लागि सञ्चालित खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- दिर्घ रोगी, मेरुदण्ड, क्यान्सर, मृगौला, पाठेघर र मुटु सम्बन्धीका बिरामीहरुलाई आर्थिक सहायता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारको निर्णय बमोजिम नगरपालिकाको वडा नं. २ मा निर्माणाधिन १० शैयाको अस्पतालको काम आवश्यक जग्गा खरिद गरी द्रुत गतिमा अगाडी बढाउन पहल गरिनेछ ।
- योग शिक्षालाई विशेष प्राथमिकता दिइनेछ र योग शिविरहरुको सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक र सुनौला १००० दिनका आमाहरुको पोषण सुधारका लागि आवश्यक आयुर्वेदिक औषधिहरु वितरण कार्यलाई नियमित गरी वडा नं. ४, ५, ६, ७, ८ र ९ मा आयुर्वेदिक शिविर सञ्चालन गरिनेछ ।
- वाथका रोगीहरुलाई पूर्वकर्ममार्फत सञ्चालनमा रहेको उपचार पद्धतीलाई नियमित सञ्चालन गरिनेछ ।

**बहुक्षेत्रीय पोषण योजनाः**

- आवश्यक कार्ययोजना बनाई नगरपालिकालाई ५ वर्षभित्र पोषणमैत्री स्थानीय शासन भएको पालिकाको रुपमा विकास गर्न विशेष जोड दिइनेछ ।
- यसै वर्ष वडा नं. १, २, ३ र ४ मा बालमैत्री वडा बनाउनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुको पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

- सुत्केरी आमाहरुको पोषण सुधारका लागि महिलासँग उप-प्रमुख कार्यक्रम मार्फत सुत्केरी भएको ३८ दिनभित्र पोषण सामग्रीहरु वितरण गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।
- **'एक घर, एक करेसाबारी'** को अभियान मार्फत हरेक सुनौला हजार दिनका घरपरिवारमा अनिवार्य करेसाबारी निर्माण गर्ने र वार्षिक रुपमा हरेक घरपरिवारमा एक फलफुलको बिरुवा अनिवार्य रोप्ने कार्यको थालनी गरी पोषण तथा खानपानमा सुधार गर्दै लगिनेछ ।
- पशुपंक्षीजन्य स्रोतको उपभोग बढाउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरपालिकामा शुद्ध खानेपानी र सरसफाईको अभियानलाई विशेष महत्वकासाथ सञ्चालन गरी नागरिकको स्वास्थ्य तथा पोषण अवस्थालाई सुधार गर्दै लगिनेछ ।

**३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित कार्यक्रमहरुः**

- महिलाहरुलाई आत्मनिर्भर बनाउन, व्यवसायिक र हिंसामुक्त बनाउन विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- बहुविवाह, बालविवाह, घरेलु हिंसा, बलात्कार र यौन दुर्व्यवहारबाट हिंसामा परेका महिलाहरुको कानुनी परामर्श, आर्थिक सहायता, व्यवसायिक तालिम र सुरक्षित आवास गृहमा बसाउने कार्यका लागी आवश्यक सहयोग गरिनेछ ।
- बालविवाह, बहुविवाह, बालश्रम, महिला हिंसा र जातिय छुवाछुत जस्ता सामाजिक विकृतीहरु न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- बालक्लब तथा बालसञ्जालको क्षमता विकास गरी बालसहभागिताको सुनिश्चितता गरिनेछ ।
- आमाबाबुविहिन नगरवासी बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका ऐन, २०७५ ले व्यवस्था गरेअनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन गरी परिचालन गरिनेछ । लैंगिक हिंसा निवारण कोष र बालकोषको रकम वृद्धि गरी परिचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक मिलन केन्द्रमा दिवा खाजाको व्यवस्था गरिनेछ ।
- बालिका तथा किशोरी सशक्तिकरणको लागि रेडियो बहस कार्यक्रम, राष्ट्रिय बाल दिवस, अन्तराष्ट्रिय बाल दिवस र बालिका दिवसमा बालबालिका सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- बालमैत्री स्थानीय तह र बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा अभिभावक दुबैका लागि सिप विकास तालिम र स्याहार सम्बन्धी तालिम सञ्चालन गरिनेछन् साथै अपाङ्ग व्यक्तिहरुका लागि आवश्यक सहायता सामाग्रीहरु निःशुल्क वितरण गरिनेछन् ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई डिजिटल प्रविधिमार्फत अपाङ्गता परिचय पत्र वितरण गरिनेछ ।
- एच.आई.भी. पिडित ART सेवा लिने बिरामीहरुलाई यातायात खर्च उपलब्ध गराइनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- सामाजिक सुरक्षा भत्ता नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई वार्षिक रु.६०००/- का दरले प्रदान गरिदै आएको उपचार खर्चलाई निरन्तरता दिइनेछ ।
- एकल महिलाका लागि आयआर्जन र सिपमुलक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- दलित समूदायको परपरागत सिपको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- दलित वर्गका लागि व्यवसायिक सिपमुलक तालिम सञ्चालन गरी परम्परागत सिपलाई व्यवसायमा परिणत गराउन प्रोत्साहन स्वरुप बजेटको विनियोजन गरिएको छ ।

**४. खानेपानी तथा सरसफाईः**

- नगरपालिकामा खानेपानीको समस्या भएका विनायक बजार, कुईका, कालिकास्थान र लयाँटी जस्ता ठाउँहरुमा हेल्भिटास संस्थासँगको साझेदारीमा केही योजना यसै वर्ष सम्पन्न गर्ने र बाँकी योजनाहरु क्रमागत रुपमा बजेट विनियोजन गरी सम्पन्न गरिनेछन् ।
- नगरपालिकाको केन्द्रमा रहेको विनायक बजारको सरसफाईका लागि सफाई कर्मचारी (स्विपर) हरुको व्यवस्था गरी **सफा बजार** बनाउन पहल गरिनेछ ।
- **'सफा घर, स्वस्थ नागरिक',** को अवधारणाअनुरुप सरसफाईयुक्त नगरपालिका बनाउन रणनीति तय गरिनेछ।

**५. धार्मिक तथा साँस्कृतिकः**

- साँचुल्ला मन्दिर निर्माण कार्य पूर्णरुपमा सम्पन्न गरिनेछ ।
- नगरपालिकाको पहिचानको रुपमा रहेको विनायक बजारको पञ्चदेवल क्षेत्रको संरक्षणका लागि आवश्यक पूर्वाधार निर्माण गरी शान्ती पार्कसमेतको रुपमा विकसित गरिनेछ ।
- परम्परागत पञ्चेबाजा, मारुनी, भूवो, होरीजस्ता पर्वहरु र अन्य स्थानीय मेला, मौलिक कला, संस्कृतीको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- नगरपालिकाका धार्मिक, सांस्कृतिक तथा अन्य पर्यटकिय सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने नीति समेत अवलम्बन गरिनेछ ।

## (ख) आर्थिक विकासतर्फः

**१. कृषि/भुमिसुधार तथा पशुपालन, सहकारी, निजि क्षेत्र तथा गरीबि निवारणः**

- कृषि र पशु कार्यक्रम अन्तर्गत अनुदान दिने गरेका कार्यक्रमहरुको निरन्तरता दिदै थप व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि बनाएर अगाडि बढाइनेछ ।
- सबै वडाहरुमा सम्भाव्यता अध्ययन गरी आँप, कागती, अनार, ओखर, टिमुर लगायतका फलफुलका बिरुवाहरु मागका आधारमा व्यवसायिक खेती गर्ने किसानहरुलाई ७०% अनुदानमा उपलब्ध गराइनेछ ।
- नगरका विपन्न र बेरोजगार युवाहरुलाई विभिन्न निकायको साझेदारीमा सञ्चालन गरिने व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइने साथै तालिम प्राप्त युवा र महिलाहरुको लागि थप स्तरोन्नतिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- **सुत्केरी आमासँग उप–प्रमुख कार्यक्रम** अन्तर्गत सबै गर्भवती महिला तथा सुत्केरी आमाहरुको अनिवार्य करेसाबारी बनाउने नीति अन्तर्गत सबै आमाहरुलाई तरकारीको बिउ निःशुल्क वितरण गरिनेछ ।
- कृषिजन्य उत्पादन बढाउन र कृषिलाई व्यवसायिक बनाउन यो वर्ष नगरपालिकाका सबै वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।
- **"कृषिमा उद्यमशीलता, आजको आवश्यकता",** भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उन्नत कृषि बाली सम्बन्धी जानकारी, नयाँ प्रविधि प्रयोग, कृषक अध्ययन तथा अनुभव भ्रमण जस्ता सिर्जनात्मक कामहरु सञ्चालन गरिनेछन् ।
- तरकारी र फलफुलको थोकबजार सञ्चालन गर्न विनायक बजारमा एक "**तरकारी तथा फलफुल संकलन केन्द्र**" सञ्चालन गरिनेछ ।
- नगरपालिकाको वडा न.३ विनायकमा '**मसला विकास कार्यक्रम**' अन्तर्गत मनेगाँउ र मुसेगडामा बेसारखेती र अदुवा खेतीको लागि प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक तरकारी उत्पादनका लागि नगरपालिका क्षेत्रका सम्भावित विभिन्न ठाउँहरुलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- कृषि उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नगरस्तरिय **कृषि मेला प्रदर्शनी** को आयोजना गरिनेछ ।
- कृषि उपजलाई बढावा दिन कृषि पकेटमा आबद्ध भई उत्कृष्ट कृषि उत्पादन गर्ने कृषकलाई सम्मान गरीनेछ ।
- कृषक/कृषि समुहको मागको आधारमा साना सिँचाई, प्लास्टिक पोखरी, थोपा सिँचाई निर्माण गरिनेछ र कृषि यान्त्रीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- रैथाने बाली प्रवर्द्धनका लागि जनचेतनामुलक कार्यक्रम गरी कृषकहरुलाई सुसुचित गरीनेछ ।
- सेवा प्रवाहमा सुधार ल्याउन तथा कृषकलाई पहुँचमा ल्याउनका लागि पञ्चदेवल विनायक नगरपालिकाका सबै वडाहरुमा कृषक समुह गठन गरी परिचालन गरिनेछन् ।
- किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिई कृषि तथ्याङ्क अद्यावधिक गरिनेछ ।
- पशुपालन गर्ने कृषकहरुको व्यावसायिक उत्पादकत्व बढाउन पशुसेवा चिकित्सकको व्यवस्था गरिनेछ ।
- बाख्रापालन व्यवसायको उत्पादकत्व बढाउन तथा नश्ल सुधारका लागि यसै वर्षदेखि बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रम सुरु गरिनेछ ।
- बाख्रापालनको राम्रो सम्भावना रहेको यस नगरपालिका क्षेत्रभित्रका व्यवसायिक बाख्रापालक किसानहरुलाई अनुदान उपलब्ध गराइनेछ । साथै कृषि कर्जा लिएका किसानहरुको ब्याज महसुल अनुदान कार्यक्रमका लागि समन्वय गरिनेछ ।
- मध्यपहाडी राजमार्गसँग जोडिएका वडा नं. १, २ र ३ मा डेरी व्यवसायको राम्रो सम्भावना भएकाले दुग्ध प्रवर्द्धनका लागि भैंसिपालन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

पञ्चदेवल विनायक नगरपालिका

- सेवाको पहुँचबाट टाढा रहेका वडाहरुमा निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्य विकास निर्माण योजनासँग समेत विकास साझेदारी गरी दिगो विकास र दिगो रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत युवाहरुलाई न्यूनतम १०० दिनको थप रोजगारी प्रदान गरिनेछ ।
- युवाहरुलाई स्वरोजगारमा संलग्न गराउन मागमा आधारित व्यवसायिक तथा सिपमूलक तालिमहरु सञ्चालन गरिनेछन् । यस प्रकारका तालिमहरुको सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी समेत गरिनेछ ।
- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका र रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न बिउ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- रोजगार सेवा केन्द्रमार्फत रोजगार परामर्श सेवा, रोजगार विनिमय सेवा, वैदेशिक रोजगारीसम्ब्नधी सूचना प्रवाह तथा सहायता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरपालिकामा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPO-MIS) लागु गरी सहकारी क्षेत्रका तथ्याङ्क तथा सूचनाहरुको व्यवस्था गरिनेछ । विधिपूर्वक सञ्चालनमा नरहेका तथा सहकारी मूल्य मान्यता अनुसार सञ्चालन हुन नसकेका सहकारी संस्थाको निरन्तर सञ्चालन वा खारेजीको प्रक्रिया अवलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरुको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनलाई मध्यनजर गरी आवश्यकताको आधारमा दुई वा दुईभन्दा बढी एउटै उद्देश्य भएका सहकारी संस्थाहरुलाई एकिकृत गर्न कार्यविधि बनाई लागु गरिनेछ ।
- पञ्चदेवल विनायक नगरपालिकाको विनायक बजारमा रहेको बजार विकास समितिको क्षमता विकास गरी नगरस्तरिय उद्योग वाणिज्य सँघ गठन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालन हुने गरी स्थापना हुने साना तथा घरेलु उद्योगका व्यवसायीहरुलाई प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरपालिकामा काम गर्ने विभिन्न गैर-सरकारी सँघ-संस्था तथा साझेदार निकायहरुलाई समुदायको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्न नितिगत व्यवस्था गरी एकद्वार प्रणाली मार्फत काम गर्ने वातावरण सृजना गरिनेछ ।
- नियमानुसार सञ्चालनमा रहेका सहकारीहरुको प्रवर्द्धनका लागि विभिन्न क्षमता विकास कार्यक्रमहरुको सञ्चालन गर्ने र सहकारीहरुलाई विकास निर्माणका कार्यमा साझेदारी गरी काम गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्था मार्फत विभिन्न वित्तिय निकायको लगानी नगर क्षेत्रमा भित्र्याई स्वरोजगार सृजना गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- नापी र मालपोत कार्यालय स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- नगरपालिकामा मालपोत र नापीसम्बन्धी कामहरु अविलम्ब सञ्चालन गर्न १ जना अमिन कर्मचारीको व्यवस्था गरी कामको थालनी गरिनेछ ।
- लालपूर्जाविहिन नागरिकहरुलाई लालपूर्जा वितरणका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- बाँझो जमिन उपयोगका लागि विशेष नीति लिई बाँझो तथा पर्ति जमिन नगरपालिकाको स्वामित्वमा ल्याई आवश्यक पूर्वाधार निर्माण गर्ने एवं व्यवसायिक खेती प्रणाली अवलम्बन गर्ने नीति लिइनेछ ।

### २. लघु उद्यम विकास कार्यक्रमः

- उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, वित्तिय सेवामा पहुँच, प्रविधिमा पहुँच, बजारीकरण र व्यवसायिक परामर्श सेवा समेतको एकिकृत सेवा प्रदान गरी लघुउद्यमको सृजना र स्तरोन्नती गरिनेछ ।
- नयाँ लघुउद्यमीहरुको सृजना तथा लघुउद्यमको स्तरोन्नतीका लागि आवश्यक advance एवं अन्य उपयोगी सिप विकास तालिमहरुको सञ्चालन गरिनेछ ।
- लघुउद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणका लागि लघुउद्यमी समूह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिसँग सम्पर्क र समन्वय गरिनेछ ।
- नगरपालिकामा लघुउद्यम विकास तालिम लिइसकेका लघुउद्यमीहरुलाई स्तरोन्नति तालीम र थप महिलाहरुलाई नयाँ उद्यमी सिर्जना गर्न आवश्यक व्यवसायिक तालिम प्रदान गरिनेछ ।

## (ग) पूर्वाधार विकासतर्फः-

### १. सडक, सिँचाई, विद्युत तथा वैकल्पिक उर्जाः

- नगरपालिकाको प्रशासनिक भवन र सबै वडाका प्रशासनिक भवनहरुलाई यसै वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइनेछन् ।
- विद्युतको केन्द्रीय प्रशारण लाइनलाई ग्रामीण विद्युतीकरण कार्यक्रमसँग साझेदारी र समन्वय गरी सबै वडाहरुमा विस्तार गरिनेछ ।
- **'जनतासँग मेयर, उज्यालोमा सेयर'**, कार्यक्रम अन्तर्गत राष्ट्रिय विद्युत विस्तार गरिने वडाहरुमा २०० विपन्न गरीब घरधुरीलाई निःशुल्क विद्युत मिटर जडान गरिने र विद्युत लाइन विस्तार नभएका विपन्न र गरीब परिवारलाई अनुदानमा सोलारको वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थल, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सोलार बत्तो जडान कार्य सम्पन्न गरिनेछ ।
- वडा कार्यालयसम्मका ग्रामीण सडकहरुको स्तरोन्नति गरी बाह्रैं महिना सञ्चालनमा ल्याइनेछन् ।
- भू-उपयोग गुरुयोजना निर्माण गरी प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडा नं. ८ बारलाको घोडीवास र वडा नं. ९ को भानाकोटमा झोलुङ्गे पुल निर्माण गरिनेछन् ।
- विद्यालय भवनहरुलाई बहुवर्षिय कार्यक्रम अन्तर्गत पक्की भवन निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

- खरमुक्त छाना भएको नगरपालिका बनाउन यस वर्ष थप १४० घरका लागि टिनको छाना निर्माण गर्ने काम सम्पन्न गरिनेछ ।

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापनतर्फः–

- नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइटको स्थल तय भइसकेको र यसै वर्ष फोहोरमैला व्यवस्थापनको लागि संरचना निर्माण र फोहोर व्यवस्थापनको कार्य सञ्चालन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका खुला तथा नाङ्गा क्षेत्रहरुमा वृक्षारोपण गर्ने कार्यक्रमको थालनी गरिनेछ ।
- सामुदायिक तथा कबुलियत वन संरक्षण सम्बर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- बाढी, पहिरो जोखिमयुक्त ठाउँहरुको पहिचान गरी तटबन्धन निर्माण गर्ने कार्यहरु गरिनेछन् ।
- विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक नीतिहरु तर्जुमा गरिनेछन् ।
- चट्याङको समस्या भएका नगरपालिकाका विभिन्न क्षेत्रमा विशेषज्ञ टोलीद्वारा अध्ययन गराई चट्याङ जोखिम न्यूनीकरण कार्यको थालनी गरिनेछ ।
- विपद् तथा जोखिममा परेका गाउँबस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी समस्याको समाधान गरिनेछ ।
- नगरपालिका क्षेत्रमा अवैध मदिरा नियन्त्रणका लागि कामहरु गरिनेछन् ।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाहतर्फः

### १. क्षमता विकास तथा सार्वजनिक सेवा प्रवाहः–

- नगरपालिकाको समग्र योजनाबद्ध विकासको लागि मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनीतिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतीको विकास गरिनेछ ।
- कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न कर्मचारीको मनोबल उच्च बनाउन नगरपालिकाको काम कारवाही प्रक्रियालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य बनाउन कर्मचारीको कामको तथ्यपरक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा नगरपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मान उपलब्ध गराउने नीति लिईनेछ ।
- नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवाहरुलाई चुस्त दुरुस्त र जनमुखी बनाउन ईमान्दार कर्मचारी, स्वच्छ प्रशासन र नागरिक मैत्री सेवा प्रवाह भन्ने नारालाई व्यवहारिक रुपमा लागु गर्दै कर्मचारीलाई कामप्रति अभिप्रेरित गराई मनोबल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- कार्यालयका कामकाज पारदर्शी र जवाफदेही बनाउन अनिवार्य सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिनेछ ।

पञ्चोदक विनायक नगरपालिका

- नगरपालिकाबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन गठित विषयगत समितिहरुलाई कार्यविधि बनाई क्रियाशिल बनाइनेछ ।
- नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न नीति तथा ऐन कानुनहरु, कार्यविधि र निर्देशिकाहरु निर्माण गरिनेछन् ।
- वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट सेवा प्रवाह गरिने व्यवस्था गरिनेछ ।
- वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवा विस्तार गरी घटना दर्ता, सामाजिक सुरक्षा विवरण दर्ता, नविकरण लगायतका कार्यहरुलाई वडास्तरबाटै प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् । कर्मचारी तथा जनप्रतिनिधिलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेणात्मक तथा सकारात्मक सोचसम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछन् ।
- गुनासो व्यवस्थापनका लागि गुनासो सुनुवाई कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन Hello Mayor कार्यक्रम सञ्चालन गरिनेछ ।
- भष्टाचार विरुद्ध शुन्य सहनशिलता नीतिको अवलम्बन गरिनेछ ।
- भष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ गरिनेछ ।
- न्यायिक समितिका कामकारवाहीलाई प्रभावकारी र विश्वसनिय बनाउन सबै वडाहरुमा मेलमिलापकर्ता तालिम सञ्चालन गरी मेलमिलाप केन्द्र स्थापनाका लागि बजेट विनियोजन गरिएको छ ।
- न्यायिक समितिको काम, कर्तव्य र अधिकारका बारेमा जानकारी गराउन तथा समतामूलक र हिंसामुक्त समाज निर्माणका लागि समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारीको क्षमता विकासका लागि अन्य स्थानीय तहका असल न्यायिक अभ्यासहरुको भ्रमण अवलोकन कार्यक्रमको आयोजना गरिनेछ ।
- नगरपालिकाबाट नियमिति प्रदान गरिने सेवालाई सहज बनाउन ९ वटै वडामा एकिकृत घुम्ति सेवा सञ्चालन गरिनेछ ।
- सबै वडाहरुमा टोल विकास संस्थाहरुको गठन गरी कार्यविधि बनाई परिचालन गरिनेछ ।
- कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तिय प्रतिबेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनेछ ।
- आर्थिक कारोबार सम्बन्धी जोखिमको न्यूनिकरण गर्न प्रचलित कानुन तथा अन्तराष्ट्रिय असल अभ्यास बमोजिम अनुगमनको व्यवस्था गर्न आन्तरिक नियन्त्रण अनुगमन समिति गठन गरी परिचालन गरिनेछ ।

पञ्चकन्या विनायक नगरपालिका

- सार्वजनिक सेवालाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**२. सूचना तथा सञ्चार प्रविधिः-**

- कार्यालयका सम्पूर्ण कामहरु विद्युतिय प्रणालीमार्फत सम्पादन गरिने गरी प्रविधिमैत्री पालिका बनाउने नीति अवलम्बन गरिनेछ ।
- सबै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु तथा आधारभुत स्वास्थ्य केन्द्रमा अनिवार्य रुपमा टेलिफोन सेवा र द्रुत गतीको इन्टरनेट सेवा सञ्चालन गरिनेछ ।
- नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य गरी नगरपालिका अन्तर्गतका सबै आधारभुत तथा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा सञ्चालन गरिनेछ ।
- कार्य सम्पादनमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगका लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धिका तालिमहरुको आयोजना गरिनेछ ।
- नगरपालिकाको एकिकृत वस्तुस्थिति विवरण (ILG-Profile) निर्माण गरिनेछ र Smartpalika Profile लाई पनि सञ्चालनमा ल्याइनेछ ।
- नगरपालिकाको मोबाइल नेटवर्क, 4G नेटवर्क र टेलिफोन सेवाको विस्तार तथा दुर सञ्चार सेवालाई प्रभावकारी र दिगोरुपमा सञ्चालन गर्न नेपाल टेलिकमसँग पटक-पटक अनुरोध गर्दा पनि समस्याको दिगो समाधान हुन नसकेकोले नेपाल टेलिकमको कार्य व्यवहार प्रति गम्भिर आपत्ती जनाउँदै समस्या समाधानका लागि विशेष पहल गरिनेछ ।
- नगरपालिकासम्म NTFiber सेवा जडानका लागि नेपाल दूरसञ्चार प्राधिकरणसँग अनुरोध गरी सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।
- नेपाल दुरसञ्चार प्राधिकरणसँग समन्वय गरी नगरपालिका क्षेत्रमा नयाँ GSM Tower स्थापनाको कार्यलाई अगाडी बढाइनेछ र वडा नं. ९ कालेकाँडाको भाटगाउँस्थित निर्मित टेलिकम टावरलाई यथाशिघ्र सञ्चालन गर्न सम्बन्धित निकायसँग अनुरोध गरिनेछ ।
- नगरपालिकामा बालबालिका तथा युवाहरुका लागि Digital literacy र Cyber crimes सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरपालिकामा सबै नागरिकहरुको सूचना पाउने हकलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- यस नगरपालिका भरिका सम्पूर्ण गतिविधिहरु, योजना तथा कार्यक्रमहरु, ऐन, नियम तथा कानुनहरु, स्थानीय राजपत्र तथा अन्य अभिलेखहरु समयमै उपलब्ध गराउन सूचना तथा अभिलेख केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- नगरपालिकाको आवधिक योजना, राजश्व सुधार योजना, मध्यमकालिन खर्च संरचना र क्षमता विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछन् ।

पञ्चदेवल विनायक नगरपालिका

**३. राजश्व सुधारः**

- राजश्व परामर्श समितिको कामकारवाहीलाई थप प्रभावकारी बनाउँदै राजश्व सम्बन्धी आवश्यक नीति नियमहरु निर्माण गरी कार्यान्वयन गरिनेछन् ।
- रावश्व संकलन कार्यलाई थप व्यवस्थित गर्दै करका दायरा तथा दरहरुलाई समेत फराकिलो गर्दै लगिनेछ ।
- बढी राजश्व संकलन गर्ने उत्कृष्ट वडा तथा कर्मचारी र उत्कृष्ट करदातालाई समेत सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- कर्णाली नदी किनारमा रहेको बालुवा, गिट्टी तथा सार्वजनिक क्षेत्रमा रहेको ढुङ्गा उत्खननका लागि समयमै ठेक्का आह्वान गरी आन्तरिक स्रोत परिचालन मार्फत आन्तरिक राजश्व वृद्धी गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकामा सञ्चालनमा रहेका सबै प्रकारका व्यवसायहरुको आबद्धता र दर्ताको प्रक्रियालाई अनिवार्य गरी त्रैमासिक रुपमा अनुगमन गर्ने नीति अवलम्बन गरिनेछ ।

उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, सशर्त अनुदानको प्राप्त सिलिङ तथा नगरको आन्तरिक स्रोतको निम्नानुसार आय-व्यय अनुमान प्रस्ताव गरेको छ ।

**आ.व. २०७९/८० को आय व्यय विवरण**

| आम्दानीतर्फ | | | खर्चतर्फ | |
|---|---|---|---|---|
| क्र.सं. | आयका शिर्षकहरु | बजेट रु. | खर्चका शिर्षकहरु | बजेट रु. |
| १ | संघीय सरकार - वित्तिय समानिकरण | १०४३००००० | प्रशासनिक चालु/पुंजिगत खर्च | ९०८३०००० |
| २ | संघीय सरकार - सशर्त अनुदान चालु | २३४७०००००० | संघीय सरकार - सशर्त अनुदान चालु | २३४७०००००० |
| ३ | संघीय सरकार - सशर्त अनुदान पुँजिगत | १८६००००० | संघीय सरकार - सशर्त अनुदान पुँजिगत | १८६००००० |
| ४ | संघीय सरकार - समपुरक अनुदान | ६०००००० | संघीय सरकार - समपुरक अनुदान | १००००००० |
| ५ | संघीय सरकार - विशेष अनुदान | ८०००००० | संघीय सरकार - विशेष अनुदान | ८०००००० |
| ६ | संघीय सरकार - राजश्व बाँडफाँड | १०६६१९००० | पुँजिगत खर्च - नगर कार्यपालिकातर्फ | ८७८८४००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रदेश सरकार - वित्तिय समानिकरण | ७१८५००० | पुँजिगत खर्च - वडातर्फ | ३६०५०००० |
| ८ | प्रदेश सरकार - राजश्व बाँडफाँड | ५२५५००० | विषयगत शाखा कार्यक्रम खर्च | ५९२७०००० |
| ९ | नगरपालिकाको आ.व. २०७९/८० को आन्तरिक आय (अनुमानित) | ८५६७००० | अन्य पुँजिगत निर्माण (कार्यक्रम साझेदारी) | १८४२०५९ |
| १० | गत वर्षको बैंक मौज्दात | ८२५९६२२३.४९ | भुक्तानी दिन बाँकी | ३२६४६१६४ |
| ११ | सामाजिक सुरक्षा तथा संरक्षण | १३१३७०००० | सामाजिक सुरक्षा तथा संरक्षण | १३१३७०००० |
| १२ | गरीबसँग विश्वेश्वर कार्यक्रम | ४६५००० | गरीबसँग विश्वेश्वर कार्यक्रम | ४६५००० |
| १३ | गैर सरकारी सँस्था | ४६४४०००० | गैर सरकारी सँस्था | ४६४४०००० |
| **जम्मा रु.** | | **७५८०९७२२३.४९** | **जम्मा रु.** | **७५८०९७२२३.४९** |

अन्तमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०७९/८० को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा राख्दै आ.व. २०७९/८० को यो नीति तथा कार्यक्रम स्वीकृतिका लागि यस सम्मानित नगर सभामा पेश गर्दछु । साथै, हामी सबै नवनिर्वाचित जनप्रतिनिधिहरुले आगामी ५ वर्षको कार्यकाललाई अधिकतम सदुपयोग गर्दै साँच्चिकै जनताको सेवक बनेर परिणाममुखी काम गर्न, सबै नगरवासीका साझा समस्याहरुप्रति गम्भिर हुन र नगरको समग्र स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, पर्यटन, सडक, विद्युत, रोजगार, उद्योग लगायत अन्य पूर्वाधार क्षेत्रको विकासका निमित्त आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भुमिका खेल्दै ऐतिहासिक सफलताकासाथ सम्पन्न गर्नको लागि सक्रियताकासाथ अग्रसर हुनुहुनेछ भन्ने आशासहित पूर्ण विश्वास लिएको छ । धन्यवाद ।।

पञ्चदेवल विनायक नगरपालिका